# कटारी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल

## आन्तरिक आय सम्बन्धि शिलबन्दी दरभाउपत्र आह्वानको सुचना

**प्रकाशित मिति २०८०/०९/०५**

यस कटारी नगरपालिका वडा नं. ०२ अन्तर्गत तावा , ककरु र कमला नदीको संगम स्थलमा परम्परादेखि लाग्दै आएको त्रिवेणी (मैनी) मेला मिति २०८० माघ १ गते देखि १५ गतेसम्म व्यवस्थापन गर्नुपर्ने भएकोले सो मेला व्यवस्थापन गर्न ईच्छुक फर्म , संस्था वा कम्पनीहरुबाट तपसिलमा लेखिएको र्शहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्ने गरी स्थानीय सरकार संचालन ऐन २०७४ र सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ ।

| राजश्व आय ठेक्का नं. | ठेक्काको नाम | न्यूनतम कबोल अंक ( कर बाहेक) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|
| **०६-२०८०/०८१** | **त्रिवेणी मेला व्यवस्थापन** | **८,००,०००।-** | **१०००।-** |

**ठेक्का शर्तहरु :-**

१. ठेक्काको दरभाउपत्र फारम यस कार्यालयबाट पछि फिर्ता नहुने गरी यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिन सम्म कार्यालय समय भित्र **रु. १०००।-** ( एक हजार) रकम ( पछि फिर्ता नहुने गरी) बुझाएको नगदी रसिदका साथ व्यवसाय दर्ता, स्थायी लेखा नम्बर र आ.व. २०७९/२०८० सम्मको आयकर चुक्ताको प्रमाणपत्रहरुको प्रतिलिपीहरु राखी ईच्छुक फर्म, कम्पनी वा निजको आधिकारीक प्रतिनिधिले कार्यालय समयभित्र कटारी नगरपालिकाको राजश्व शाखाबाट फारम खरिद गर्न सक्नेछ ।

२. शिलबन्दी दरभाउपत्र सूचना प्रकाशित भएको मितिले १५ औं दिन भित्र खरिद गरी १६ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गर्न सकिनेछ र दर्ता भएका दरभाउपत्रहरु सोही दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा खोलिने छ । तर प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । शिलबन्दी दरभाउपत्र खरिद गर्ने , दर्ता गर्ने तथा खोल्ने मितिमा विदा परेमा सो कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

३. कानुनले निषेध गरेका खेल तामास बाहेक अन्य खेल तमासाहरुको हकमा नगरपालिकासँग समन्वय र सहकार्य गरी दररेट कायम गरी मात्र संचालन गर्न पाउने छ ।

४. दरभाउपत्रदाताले दरभाउपत्र पेश गर्दा कबोल अंक २.५ प्रतिशतका दरले हुने धरौटी रकम नगद वा यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंक कटारी शाखामा रहेको धरौटी खाता नं २०५०१००३०३००००२ मा जम्मा गरी सो को सक्कल भौचर वा मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको सो रकम बराबरको जमानत शिलबन्दी दरभाउ पत्र साथ राखी यस कार्यालयमा बुझाउनु पर्नेछ ।

५. मेलामा राखिने व्यवसायीक प्रयोजनका लागि राखिएको पसल र टहरको दररेट दरभाउपत्र खरिद गर्ने समयमा उपलब्ध गराईने छ । कृषिजन्य वस्तु उत्पादनको प्रदर्शनी स्थलको स्टलको शुल्क लिन पाईने छैन ।

६. शिलबन्दी दरभाउ पत्र स्वीकृत भएको फर्मले स्वीकृत ठेक्का सम्झौता हुनु अगावै आफुले कबोल गरेको अंक बराबरको नगदै रकम वा न.पा.को राजश्व खाता नं. २०५०१००३०१०१०००२ मा जम्मा गरेको सक्कल भौचर न.पा.मा बुझाउनु पर्नेछ । कबोल अंकमा कुनै पनि किसिमको छुट मिनाहा दिईने छैन ।

७. त्रिवेणी मेलामा सम्बन्धित निकायबाट लिनुपर्ने संचालन अनुमती , आवश्यक सुरक्षाको व्यवस्थापन तथा बजार व्यवस्थापन लगायत सम्पूर्ण कार्यहरु ठेकेदार स्वयम्ले गर्नुपर्नेछ । न.पा.ले सहजीकरण गर्नेछ ।

८. कबोल अंकको नियम अनुसार लाग्ने कर ठेकेदार स्वयम्ले बुझाई सोको प्रमाणीत जानकारी न.पा.लाई दिनुपर्नेछ ।

९. कानूनले निषेध गरिएका खेल तमासा लगायतका कार्य गर्न पाईने छैन । कुनैपनि अश्लिल र जोखिमपूर्ण कृयाकलाप पुर्ण रुपमा निषेध गरिनेछ ।

१०.. अत्यावश्यक संरचना शौचालय, प्रहरी विट , न.पा. सेल व्यवस्थापन,अस्थायी टहरा ठेकेदारले गर्नुपर्नेछ ।

११. ठेक्का सम्बन्धी कर उठाईने र सो को दररेट तथा ठेक्का सम्बन्धि विस्तृत जानकारी कार्यालयबाट प्राप्त गर्न सकिनेछ र अन्य कुराहरु प्रचलित ऐन,नियम तथा शिलबन्दी दरभाउपत्र कागजातमा उल्लेख भए अनुसार हुनेछन् ।

**प्रमुख प्रशासकीय अधिकृत**

# जनतासँग प्रत्यक्ष जोडिएको संकल्प यात्रा



**प्रवेश बिष्ट**

नेकपा एमालेले मध्य पहाडी लोक मार्गलाई आधार बनाएर थालेको झुलाघाट चिवाभञ्ज्याङ समृद्धिका लागि संकल्प यात्रा सफलतापूर्वक सम्पन्न भएको छ । मङ्सिर १४ गते बैतडी जिल्लाको झुलाघाटबाट सुरू भएको यात्रा १९ औं दिनमा पुस १ गते पाँचथरको चिवाभञ्ज्याङ पुगेर सम्पन्न भयो । यो यात्रामा नेकपा एमालेको सिङ्गो टिम सहभागी थियो । ७१ वर्षीय पार्टी अध्यक्ष केपी शर्मा ओलीले करिब १८ सय किलोमिटरको यात्रा तय गर्न त्यति सहज भने थिएन । तर, उनलाई यो यात्रामा सिङ्गो पार्टीपंक्ति र जीवन सङ्गिनी राधिका शाक्यको साथ रह्यो ।

संयोगले संकल्प यात्रामा कोशी प्रदेशभर जोडिने मौका मैले पनि प्राप्त गरे । मङ्सिर २६ गते उदयपुरको घुर्मीबाट जोडिएर पुस १ गते पाँचथरको चिवाभञ्ज्याङसम्म पुग्दा धेरै कुराको अनुभव बटुल्न पाइयो । मध्य पहाडी लोक मार्गले कोशीका ७ वटा जिल्लालाई छोएको छ । उदयपुर, ओखलढुङ्गा, खोटाङ, भोजपुर, धनकुटा, तेह्रथुम र पाँचथरलाई यो मार्गले छोएको छ ।

एमालेको यो संकल्प यात्रा तल्लो तहका जनतासँग प्रत्यक्ष जोडिएको छ । यात्राका क्रममा नेताहरूले जनतालाई भेट्ने, गुनासो सन्ने, संवाद गर्ने काम गरे । केपी शर्मा ओलीले त बालबालिकादेखि ज्येष्ठ नागरिक सबैसँग भलाकुसारी गर्न भ्याए । कोशीमा संकल्प यात्राका तीन वटा ठुला आमसभा भए । हर्कपुर, वसन्तपुर र फिदिममा हजारौंको सत्यामा आमसभामा मानिसहरूले सहभागी जनाए । आमसभा बाहेक भेटघाट र कोण सभा दर्जनौं भयो ।

मङ्सिर २६ गते हर्कपुरमा आमसभा सकेर एमालेको टोली खोटाङको सदरमुकाम दिक्तेल पुगेर बास बस्यो । भोलिपल्ट बिहानै पार्टी अध्यक्ष ओलीले त्यहाँका स्थानीय र ज्येष्ठ नागरिकसँग भेट गरेर उनीहरूको समस्या सुने । ओलीसँग भेट गर्न आएका ज्येष्ठ नागरिकहरूको मुहारमा हाँसो थियो - केपी शर्मा ओलीसँग प्रत्यक्ष भेट गर्न पाइयो भनेर । खोटाङका एक जना बुबाले त ओलीलाई एकल पुरूषहरूलाई विदुर भत्ताको व्यवस्था गरिदिन आग्रह पनि गरे । फुल माला लिएर बसेकाहरूले पालैपालो आफ्ना समस्या सुनाए ।

दिक्तेलबाट निस्किएर ओलीसहितका नेताहरूले शुभम् फाउन्डेसनका बालबालिकाहरूसँग केही समय बिताए । त्यहाँ पुग्दा बालबालिकाहरु ओलीसँग तस्बिर खिच्न तँछाडमछाड गर्दै थिए । ओलीले पनि उनीहरूलाई काखमा बोकेर पालैपालो तस्बिर खिचाए ।

यो यात्रामा नेताहरूले सामान्य नागरिकको जस्तै जीवनशैली बिताए । खोटाङकै बुवालुङमा पुग्दा नेताहरूलाई त्यहाँको खाजाले मन लोभ्याएको थियो । त्यहाँ स्थानीयहरूले रैथाने खाजाको प्रबन्ध मिलाएका थिए । मकै भटमास भुटेको, उसिनेको आलु र इस्कुस, गुन्द्रुकको अचार र दहीमा नेताहरूको ध्यान थियो । नेताहरु खाजा खानका लागि लाइन लागेर बसेका थिए । केही नेताले त बाटोमा खाजा हुन्छ भन्दै मकै भटमास बोकेर पनि ल्याए । मकै भटमासका

■ बाँकी ४ पेजमा ▸▸ ▸▸ ▸▸

# आजको राशिफल

\- ज्यो.प. मुकुन्दप्रसाद

मेष - अधिकार प्राप्ति हुने छ । प्रतिस्पर्धामा विजयी भइनेछ ।
बृष - सहयोगीको साथले फाइदा हुने काम गरिनेछ ।
मिथुन - मन लागेको कुरा खरिद गर्न सकिन्छ ।
कर्कट - जटिल ठानिएको कामसमेत सम्पादन हुनसक्छ ।
सिंह - कसैकसैका लागि सन्तान प्राप्तिको योग पनि छ ।
कन्या - यात्राबाट पनि सफलता मिल्नेछ ।
तुला - हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ ।
बृश्चिक - रमाइलो यात्राको सम्भावना छ ।
धनु - रोकिएका अधुरा कामहरु पुरा हुनसक्छ । स्वास्थ्य सबल नै रहनेछ ।
मकर - धार्मिक कार्य र सभासमारोहमा सरिक हुने सम्भावना छ ।
कुम्भ - बुद्धिको उपयोग गर्नाले जटिल ठानिएको कामसमेत सम्पादन हुन सक्छ ।
मीन - रोकिएका काम पुनः सुरू हुन सक्छन् ।

नमस्ते डेन्टल
जाऔं, नि:शुल्क दन्तरोगको परीक्षण गरी मौकाको फाईदा उठाऔं ।
नि:शुल्क चेकजाँच र हरेक उपचारमा २५ देखि ३० प्रतिशतसम्म छुट प्रदान गरिनेछ ।
हाम्रा सेवाहरु :
- दाँत, मुख, गिजा परीक्षण तथा उपचार परामर्श सेवा।
- दन्त एक्सरे सेवा।
- दाँत तथा गिजा आधुनिक प्रविधिबाट सफा गरिने।
- दाँतमा सिमेन्ट सिसा, चाँदी भर्ने।
- दुखेको दाँतको (RCT) अर्थात जरादेखि उपचार गरेर नदुख्ने बनाउने।
- दुखेको तथा हल्लीएको दाँत नदुखाई निकाल्ने।
- दाँत नभएको ठाउँमाा नयाँ कृत्रिम फिक्स दाँत फुटकर रुपमा वा पुरै समेत राख्ने।
- दाँतमा खोल लगाउने क्राउन ब्रिज गर्ने।
- बाङ्गोटिङ्गो दाँतलाई सिधा गरेर मिलाउने।
सम्पर्क
नमस्ते डेन्टल एण्ड ओरल हेल्थकेयर सेन्टर प्रा. लि.
त्रि.न.पा.-११, रौता मेडिकल अगाडी
९८६२९८९८८९/९८१७७०६१६२
डा. निरज कुमार देव (बरिष्ठ डेन्टल सर्जन)

न्यू सीता भाडा पसल
गाईघाट, उदयपुर
हामीकहाँ घरायसी किचेनका सामान पाईनुका साथै विभिन्न पूजाका सरसामानहरु सुपथ मुल्यमा पाईन्छ ।
प्रो. राम प्रमोद दास | मो.नं. ९८४२८३३२१२



मधु पोलिक्लिनिक सेवा केन्द्र प्रा. लि.
त्रियुगा नगरपालिका ११, गाईघाट
- हाड नाश बाथ रोग तथा पलास्टर सेवा छाला तथा सौन्दर्य सम्बन्धी उपचार
- यौनाङ्ग चिलाउने, महिनाबारी समस्या, सेतो पानी बग्ने तथा मन्हाउने र महिला सम्बन्धी सम्पूर्ण रोगको उपचार गरिन्छ
- थाइराइड, मधुमेह (चिनी रोग) ब्लड प्रेसर, पथरी, स्वास प्रश्वास, निमोनिया, खोकी, ग्यास्टिक, पाइल्स, फिस्टुला, कब्जियतको सफल उपचार गरिन्छ ।
सम्पर्क : ०३५-४२२७३३/९८४२८२७५५५
डा. नन्द किशोर चौधरी
NMC.No.10951
MBBS.(KU), MD Pediatric
(बाल रोग विशेषज्ञ)
NAMS कान्ती बाल अस्पताल
प्रत्येक शनिबार
प्रमोद कुमार दास
General medicine
MHP. No-b-4254 Med
(छाला तथा यौन रोग)
Ex. लालगढ अस्पताल
प्रत्येक शुक्रबार